# <u>झुपडिमुक्त आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९</u>

मा. मन्त्रीबाट स्वीकृत मितिः २०७९।०५।१७

**प्रस्तावनाः** लुम्बिनी प्रदेश सरकार पर्यटन, ग्रामीणं तथा शहरी विकास मन्त्रालयबाट सञ्चालन हुने आवास व्यवस्था तथा वस्ती विकास कार्यक्रम अन्तरगत झुपडीमुक्त आवास कार्यक्रमलाई सरल, पारदर्शी र प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ (२) बमोजिम पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय ले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "झुपडिमुक्त आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले शहरी विकास तथा भवन कार्यालय सम्झनुपर्छ।

(ख) "झुपडिमुक्त आवास" भन्नाले आगलागी तथा हावा, पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईटा, ढुङ्गा, माटो वा ब्लक आदिको गारो भई पराल, खर बाहेकका छाना भएका आवासीय भवनलाई सम्झनुपर्छ।

(ग) "झुपडिमुक्त आवास समन्वय समिति" भन्नाले दफा ९ बमोजिमको झुपडिमुक्त आवास समन्वय समिति सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भवन, आवास तथा शहरी विकास क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ङ) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवार र प्राकृतिक प्रकोपका कारण घरबारबिहिन भएका परिवार सम्झनुपर्छ।

(च) "लाभग्राही" भन्नाले दफा ५ बमोजिम पहिचान गरिएका व्यक्ति वा परिवार सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले कार्यविधिको दफा ११ को उपदफा (१) बमोजिमको प्रदेश सभा निर्वाचन क्षेत्र झुपडिमुक्त आवास लाभग्राही छनौट समिति सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद-२
## <u>लक्षित वर्गको पहिचान र छनौटका आधार</u>

३. <u>लक्षित वर्गको पहिचानः</u> लक्षित वर्गको पहिचान देहायको आधारमा गरिनेछः-

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामग्रीबाट छाएको,

(ख) गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेका घरपरिवार,

(ग) जग्गाधनी प्रमाण-पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको व्यक्ति वा घरपरिवार,

(ङ) प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस,

(च) गरीबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस,

(छ) नेपाली नागरिक।

(ज) विनियोजित कार्यक्रममा कुनै स्थानीय तहको नाम उल्लेख भएकोमा उक्त स्थानीय तहभित्र घर भई स्थायी बसोबास भएका नागरिक।

४. सूचना प्रकाशन गर्नुपर्नेः (१) कार्यालयले यस कार्यविधि बमोजिम झुपडीमुक्त आवास कार्यक्रममा सहभागि हुन चाहने लक्षित वर्गका इच्छुक नागरिकहरुका लागि राष्ट्रिय दैनिक पत्रिकामा पन्ध्र दिनको समयावधि दिई सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालय र कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाइटमा समेत प्रकाशन गर्नेछ।

५. लाभग्राहीको छनौटको आधार तथा विधिः (१) कार्यालयले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि सूचना प्रकाशन गरेपछि इच्छुक व्यक्ति वा घरपरिवारले तोकिएको कार्यालयमा अनुसूची-१ बमोजिमको आवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन बमोजिमका व्यक्ति वा घरपरिवारको स्थलगत निरिक्षण गरी कार्यालयले अनुसूची-२ बमोजिमको सर्वेक्षण फाराममा तथ्याङ्क सङ्कलन गर्नेछ।

(३) लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदिको आधारमा अनुसूची-३ बमोजिम अङ्क प्रदान गरी कार्यालयले प्राथमिकताक्रम सहित लाभग्राहीको सूची तयार गरी समितिमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्राथमिकताक्रम सहितको सूचीमध्येबाट समितिले उपलब्ध बजेटको आधारमा लाभग्राही छनौट गर्नेछ।

(५) उपदफा (३) बमोजिम लाभग्राही छनौट गर्दा प्रकोपका कारण घरवारबिहीन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई प्राथमिकता दिइनेछ।

(६) उपदफा (३) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका सदस्य भएका घरलाई प्राथमिकता दिइनेछ।

(७) उपदफा (३) बमोजिम लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउने गरी छनौट गर्नुपर्नेछ।

## परिच्छेद-३

## अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था



प्रदेश सरकार लुम्बिनी प्रदेश

शाखा प्रमुख

मा. डिल्ली बहादुर चौधरी
मन्त्री

६. <u>अनुदान सम्झौता र वित्तीय प्रबन्धः</u> (१) कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने बजेट प्रदेश सरकारबाट विनियोजन भएबमोजिम हुनेछ।

(२) वार्षिक कार्यक्रममा जिल्ला वा स्थानीय तह नतोकिएकोमा प्रदेश झुपडिमुक्त आवास समन्वय समितिले प्रदेश सभा निर्वाचन क्षेत्र अनुसार लाभग्राहीको सङ्ख्या तोक्न सक्नेछ।

(३) यस कार्यविधिको दफा ५ बमोजिम छनौट भएका लाभग्राहीसङ्ग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा अनुदान सम्झौता गर्नेछ।

(४) छनौट भएका लाभग्राहीले सम्बन्धित कार्यालयले सिफारिस गरेको बैंकमा खाता खोली उक्त खाता नम्बर कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।
तर पहिले नै आफ्नो नाममा कुनै बैंकमा खाता रहेको लाभग्राहीले नयाँ खाता खोल्नुपर्ने छैन, सोही खाता नम्बर कार्यालयलाई उपलब्ध गराउन सकिनेछ।

(५) झुपडिमुक्त आवासका लागि प्रदेश सरकारले प्रति आवास साठी* हजार रुपैयाँ उपलब्ध गराउनेछ।

(६) उपदफा (५) बमोजिमको अनुदान रकम मध्येबाट कार्यालयले खरीद प्रकृयाद्वारा एकमुष्ठ खरिद गरी प्रत्येक लाभग्राहीलाई बढीमा पचास हजार रुपैया बराबरको जस्तापाता वितरण गर्नेछ।

(७) प्रत्येक लाभग्राहीलाई सामान बितरण स्थलदेखि लाभग्राहीको घरसम्मको ढुवानी, किलाकाँटी, आवश्यक धुरी पाता, जस्तापाता अड्याउन आवश्यक पर्ने कालो फलामे पाइप वा काठ, कामदारको ज्याला आदि कार्य वापत अनुसूची-५ अनुसारको कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित कार्यालयबाट एकमुष्ठ दश हजार रुपैया अनुदान रकम लाभग्राहीको बैंक खातामा उपलब्ध गराइनेछ।

(८) कुनै लाभग्राहीलाई कार्यालयबाट उपलब्ध गराइएको जस्तापाताले नपुग्ने भएमा उक्त नपुग सामग्री लाभग्राही आफैंले व्यहोर्नु पर्नेछ।

(९) कार्यालयको प्राविधिकबाट अनुसूची-५ बमोजिम प्रतिवेदन पेश भई कार्यालयले प्रमाणित गरी अनुदान बापत उपलब्ध गराइने रकम लाभग्राहीको खातामा भुक्तानी गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

## परिच्छेद-४
## <u>कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु</u>

७. <u>मन्त्रालयको काम, कर्तव्य र अधिकारः</u> यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) झुपडिमुक्त आवास समन्वय समितिको बैठकको लागि आवश्यक व्यवस्था गर्ने,
(ख) कार्यक्रम कार्यान्वयनको लागि नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि समन्वय गर्ने,
(ग) कार्यक्रम अनुगमन, मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,
(घ) कार्यविधिमा आवश्यक परिमार्जन तथा संशोधन गर्ने।

* नेपाल सरकारको आ. व. २०७५।७६ को बजेट वक्तव्यको बुँदा नं. १५४ मा सुरक्षित नागरिक आवास कार्यक्रमका लागि प्रति परिवार रु. ५० हजार अनुदान दिने व्यवस्था र आ. व. २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं. ३२७ मा यसलाई वृद्दि गरी रु. ७५ हजार पुर्‍याइएको अवस्थालाई मध्यनजर गरी यहाँ रु. ६० हजारको व्यवस्था गरिएको हो।

८. <u>कार्यालयको काम, कर्तव्य र अधिकार</u>: झुपडिमुक्त आवास कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) झुपडिमुक्त आवास समन्वय समितिको निर्णय तथा निर्देशन र समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने,

(ख) लाभग्राहीको माग आह्वान गर्न पन्ध्र दिनको सूचना जारी गरी आवेदन सङ्कलन गर्ने,

(ग) प्राप्त आवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न कार्यालयबाट प्राविधिक खटाउने,

(घ) सङ्कलित आवेदनहरुको सर्वेक्षण फारामको विवरणका आधारमा अनुसूची-३ बमोजिम अङ्क प्रदान गरी त्यस्ता लक्षित वर्ग वा परिवारको प्राथमिकताक्रम तयार गरी लाभग्राही छनौटका लागि समितिमा पेश गर्ने,

(ङ) समितिमा कार्यालयको तर्फबाट प्रतिनिधित्व गरी सम्बन्धित लाभग्राहीको पहिचान गर्न आवश्यक सहयोग गर्ने,

(च) सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रकृया अवलम्बन गरी लाभग्राहीका लागि वितरण गरिने जस्तापाता खरिद गरी वितरणको व्यवस्था मिलाउने।

(छ) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

(ज) सम्बन्धित निकायहरु बीच समन्वय गर्ने।

## परिच्छेद-५
## <u>समिति सम्बन्धी व्यवस्था</u>

९. <u>झुपडिमुक्त आवास समन्वय समिति</u>: (१) झुपडिमुक्त आवास कार्यक्रम कार्यान्वयनको लागि प्रदेशस्तरमा देहाय बमोजिमको झुपडिमुक्त आवास समन्वय समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | मन्त्री, पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय | संयोजक |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) | सचिव, प्रदेश सरकारको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय | सदस्य |
| (घ) | सचिव, प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय | सदस्य |
| (च) | ग्रामीण तथा शहरी विकास महाशाखा प्रमुख, मन्त्रालय | सदस्य-सचिव |

(२) झुपडिमुक्त आवास समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ।

(३) झुपडिमुक्त आवास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१०. <u>झुपडिमुक्त आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>: झुपडिमुक्त आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) बार्षिक बजेट तथा कार्यक्रममा प्रदेश निर्वाचन क्षेत्र नतोकिएको अवस्थामा कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध बजेटको आधारमा कार्यक्रम लागू गर्ने प्रदेश निर्वाचन क्षेत्रको अधिकतम आवास सङ्ख्या निर्धारण गर्ने,

(ख) लाभग्राहीलाई वितरण गरिने जस्तापाताको गुणस्तर निर्धारण गर्ने,



मा. डिल्ली बहादुर चौधरी
मन्त्री
पर्यटन तथा शहरी विकास मन्त्रालय

(ग) लाभग्राहीलाई उपलब्ध गराइने अनुदान रकमको पुनरावलोकन गर्ने,

(घ) कार्यान्वयनसङ्ग सम्बन्धित प्रदेश निकायहरुबीच समन्वय गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका बाधा, अड्चन फुकाउने,

(च) कार्यक्रमको अनुगमन गर्ने गराउने,

(छ) कार्यक्रमको प्रगति समीक्षा गर्ने।

११. <u>प्रदेश सभा निर्वाचन क्षेत्र झुपडिमुक्त आवास लाभग्राही छनौट समिति</u>: (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन कार्यक्रम कार्यान्वयन हुने निर्वाचन क्षेत्रमा देहाय बमोजिम प्रदेश सभा निर्वाचन क्षेत्र झुपडिमुक्त आवास लाभग्राही छनौट समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम सम्बन्धित निर्वाचन क्षेत्रबाट प्रदेश सभामा निर्वाचित सदस्य | संयोजक |
| (ख) | सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम भएका समानुपातिक प्रदेश सभा सदस्य | सदस्य |
| (ग) | प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| (घ) | सम्बन्धित क्षेत्रको नगरपालिका वा गाँउपालिको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (ङ) | सम्बन्धित शहरी विकास तथा भवन कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृतस्तरको प्राविधिक प्रतिनिधि | सदस्य-सचिव |

(२) समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(४) समितिको संयोजकको अनुपस्थितिमा सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रका उपस्थित समानुपातिक प्रदेश सभा सदस्यहरुमध्ये जेष्ठ प्रदेश सभा सदस्यले संयोजक भई कार्य गर्नेछ।

(५) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रमा कुनै प्रदेश सभा सदस्य नरहेको वा नभएको अवस्थामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले समितिको संयोजकको रुपमा कार्य गर्नेछ।

१२. <u>प्रदेश सभा निर्वाचन क्षेत्र झुपडिमुक्त आवास लाभग्राही छनौट समितिको काम, कर्तव्य र अधिकार:</u> प्रदेश सभा निर्वाचन क्षेत्र झुपडिमुक्त आवास लाभग्राही छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) तोकिएको निर्वाचन क्षेत्र अन्तर्गत आवास व्यवस्था हुने स्थानीय तह, वडा तथा टोल छनौट गर्ने,

(ख) कार्यालयबाट पेश भएको विवरणका आधारमा झुपडिमुक्त आवास समन्वय समितिबाट तोकिएका निर्वाचन क्षेत्र भित्रका कार्यक्रम कार्यान्वयन गरिने स्थानीय तहका वडाहरु र अधिकतम आवास सङ्ख्या तोक्ने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि कार्यालयबाट प्राप्त लक्षित वर्गको सूचीबाट दफा (५) को आधारमा लाभग्राही छनौट गर्ने,



सचिव शाखा प्रमुख मा. दिल्ली बहादुर चौधरी मन्त्री

(घ) झुपडिमुक्त आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने,
(ङ) कार्यक्रम कार्यान्वयनका क्रममा सम्बन्धित निकायहरु बीच समन्वय कायम गर्ने,
(च) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने,
(छ) लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने
(ज) कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने।

## परिच्छेद-६
## विविध

१३. कन्टिन्जेन्सी खर्चको व्यवस्था: (१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न चार प्रतिशतसम्म कन्टिन्जेन्सी वापत रकम छुट्याउन सकिनेछ र सो रकम कार्यालयले खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँट गर्दा कार्यक्रम सञ्चालन, समितिको बैठक सञ्चालन, लागत अनुमान तयारी, सुपरिवेक्षण, मूल्याङ्कन र अनुगमन, समीक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ।

१४. निर्देशन पालना गर्नु पर्ने: प्रदेश झुपडिमुक्त आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित सबै निकायहरुले पालना गर्नु पर्नेछ।

१५. घर बनाइसक्नुपर्ने: (१) छनौट भएका लाभग्राहीहरुले कार्यालयले उपलब्ध गराएको जस्तापाता बुझेको दुई महिनाभित्र छाना छाइसक्नुपर्नेछ।
तर बाढी, पहिरो, भूकम्प, महामारी जस्ता प्राकृतिक प्रकोप परेको अवस्थामा काम सम्पन्न गर्न बढीमा दुई महिनासम्मको म्याद थप गर्न सकिनेछ। त्यसरी थपिएको म्याद २०८० सालको बैशाख महिनाभित्र सकिने गरी मात्र थप गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिसम्म छाना नछाउने लाभग्राहीको विवरण कार्यालयले समिति समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरण माथि समितिले छलफल गरी आवश्यक देखेमा उक्त लाभग्राहीलाई लाभग्राहीको सूचीबाट हटाई प्राथमिकताक्रममा रहेको अन्य लाभग्राहीलाई उक्त जस्तापाता उपलब्ध गराउन निर्देशन दिनसक्नेछ।

१६. विवादको समाधान: कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा झुपडिमुक्त आवास समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ।

१७. कारबाही हुने: अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा वा नेपाल सरकारबाट भूकम्प पुनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा सिफारिस हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१८. सुविधा नपाउने: नेपाल सरकारबाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम बस्ती स्थानान्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराइने छैन।

१९. कार्यविधिमा संशोधन: कार्यविधिमा आवश्यकता अनुसारको संशोधन मन्त्रालयले गर्नेछ।

प्रदेश सरकार लुम्बिनी

सचिव

महाशाखा प्रमुख

मा. दिल्ली बहादुर चौधरी
मन्त्री

अनुसूची-१
(दफा ५ को उपदफा १ सङ्ग सम्बन्धित)
**आवेदन फाराम**

श्री कार्यालय प्रमुखज्यू,
शहरी विकास तथा भवन कार्यालय,
.............................................

विषयः झुपडीमुक्त आवास कार्यक्रममा सहभागी गराइदिनुहुन।

महोदय,

उपरोक्त सम्बन्धमा झुपडीमुक्त आवास कार्यक्रम अन्तर्गत त्यस शहरी विकास तथा भवन कार्यालयबाट मिति ........................... मा प्रकाशित सूचना बमोजिम झुपडीमुक्त आवास कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७९ को परिच्छेद २ को दफा ३ र ४ को लक्षितवर्ग एवम् लाभग्राहीको छनौटका आधारहरु (Criteria) भित्र म निवेदक पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरिक्षण गरी मेरो घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाइदिनुहुनको लागि तपसिलका कागजातहरु यसै निवेदनसाथ संलग्न गरी यो आवेदन पेश गरेको छु। मैले पेश गरेको विवरण सही छ, झुठ ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

तपशिल :

| क्र.सं. | तपशिल |
|---|---|
| १ | आवेदक वा घरमुलीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। |
| २ | जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि वा विगतदेखि त्यस स्थानमा आवास/ स्थानीय बसोबास गर्दै आएको सम्बन्धित उ.म.न.पा./न.पा./गा.पा. कार्यालयको सिफारिस/घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि। |
| ३ | अंशवण्डा/ छुट्टिएको प्रमाण/सिफारिस कागजात। |
| ४ | लक्षितवर्गभित्र पर्ने प्रमाण खुल्ने कागजात। |
| ५ | अन्य आवश्यक कागजात। |
| ६ | बैक खाता विवरण |

आवेदकको
दस्तखतः ...................................
नाम/थरः ....................................
बुबा/पतिको नामः ....................................
बाजे / ससुराको नामः ....................................
परिवार संख्याः ..................................
सम्पर्क फोन नं.: ...............

<u>ठेगाना</u>
जिल्लाः .....................................
गा.पा./न.पा./ उ.म.न.पा.: .......................
वडा नम्बरः ....................................
गाउँ/टोलः ................................

परिवार सङ्ख्या बमोजिमको नाम, उमेर र घरमुलीसङ्गको सम्बन्ध यसै आवेदनको अन्तिम भाग (खाली ठाउँ) मा उल्लेख गर्ने।

सचिव
महाशाखा प्रमुख
मा. विल्ली बहादुर चौधरी
मन्त्री
... तथा शहरी विकास मन्त्रालय

घर जग्गाको विवरण (एकाघरमा रहेका सबै परिवारको नाममा रहेको घर र जग्गा)

घरसंग जोडिएको जग्गाको क्षेत्रफलः .................

अन्यत्र जग्गा भए सो को क्षेत्रफलः ............................

आवेदकको कुनै बैङ्कमा खाता भए उल्लेख गर्नेः

बैङ्कको नामः

बैङ्कको शाखाः

खाता नं.:

(बैङ्कको चेकको फोटो वा प्रतिलिपि अनिवार्य पेश गर्ने)

| आवेदकको औंठाको छाप | |
|---|---|
| | |

नोट :

क) एउटै चुल्होमा पकाएर खाना खाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यलाई सगोलका परिवार मानिने छ। खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकालाई सगोलका परिवार मानिंदैन। एउटा सगोलको परिवारले एउटा फाराम मात्र भर्न पाइनेछ। झुट्टो विवरण पेश गरेको पाइएमा यो कार्यक्रमबाट हटाई कानूनी कारवाही गरिनेछ।

ख) नेपाल सरकारबाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराइने छैन।

ग) अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा वा नेपाल सरकारबाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा सिफारिस हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

सचिव

महाशाखा प्रमुख

मा. डिल्ली बहादुर चौधरी
मन्त्री
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

अनुसूची-२
(दफा ५ को उपदफा २ सङ्ग सम्बन्धित)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय, ...............
झुपडिमुक्त आवास कार्यक्रम

# लाभग्राहीको सर्वेक्षण फाराम

आ.व. .....................

............ गाँउपालिका/नगरपालिका, वडा नं. ......... टोल/गाँउ .................... जिल्लाः ............

| | |
|---|---|
| १. सर्वेक्षण घरधनी क्रम संङ्ख्या | |
| व्यक्तिगत विवरण | |
| नाम, थर नेपालीमा ...........................<br>नाम, थर अङ्ग्रेजीमा ...........................<br>ठेगाना जिल्ला ..........................<br>गा.पा./न.पा. ..........................<br>वडा नं. ................. गाउँ/टोल .................... | बाबु/पतिको नाम, थरः ....................<br>बाजे/ससुराको नाम, थरः ................<br>सम्पर्क फोन नं.: ..........................<br>परिवार सङ्ख्याः |

क. आवेदकसङ्ग तपशिल बमोजिमको कुन प्रमाण छ, सो मा चिन्ह लगाउने।

| क्र.सं. | तपशिल | कैफियत |
|---|---|---|
| १ | आवेदक वा घरमुलीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | छ☐ /छैन☐ |
| २ | जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि वा विगतदेखि त्यस स्थानमा आवास/ स्थानीय बसोबास गर्दै आएको सम्बन्धित उ.म.न.पा./न.पा./गा.पा. कार्यालयको सिफारिस/घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि। | छ☐ /छैन☐ |
| ३ | एकाघर भई छुट्टिएको घरधुरीले आवेदन फारामसाथ अनिवार्य पेश गर्नुपर्ने अंशवण्डा/ छुट्टिएको प्रमाण/ सिफारिस कागजात। | छ☐ /छैन☐ |
| ४ | घरमुली अतिविपन्न/अशक्त/बृद्धवृद्धा/अनाथ बालबालिका/एकल महिला भए प्रमाण खुल्ने कागजात। | छ☐ /छैन☐ |
| ५ | प्रकोपका कारण घरवारविहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि। | छ☐ /छैन☐ |

२. हाल उपभोग/बसोबास गरिरहेको घरको नापनक्सा विवरणः

क. आवेदकले प्रयोग गरिरहेको घरको सङ्ख्या

ख. घरको लम्बाई .................... घरको चौडाई ............ घरको क्षेत्रफल .................. वर्गफिट

३. घरको गारोपर्खालको किसिम (५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने):



प्रदेश सरकार लुम्बिनी प्रदेश पर्यटन, ... विकास मन्त्रालय
सचिव
महाशाखा प्रमुख
मा. डिल्ली बहादुर चौधरी
मन्त्री
... तथा शहरी विकास मन्त्रालय

क. बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी ☐

ख. नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी ☐

घ. मिलेको ढुङ्गाको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टका जोर्नी ☐

४. घरको छानाको किसिमः

क. खर पराल फुस, आस्वेसटस, स्याउला, प्लाष्टिक सिट, आदि ☐

ख. खपडा, टायल ☐

५. जग्गाको स्वमित्वः

क. लालपुर्जा भएको वा गाँउब्लक (स्वामित्त्व पाउन सकिने) वा स्थानीय निकायको सिफारिस (स्वाबासी र विवाद रहित जग्गा) ☐

ख. नदी, नहर, ताल किनारमा बसोवास गरिरहेको ☐

६. घरमुलीको हकमा

क. अति विपन्न, असहाय, असक्त, वृद्धवद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमूली लाभग्राही भएका ☐

ख. अन्य ☐

(माथी उल्लेखित सम्पूर्ण विवरण एवम् जानकारीहरु साँचो हुन्, उक्त विवरण म आफैं राजीखुसी साथ यथार्थ रुपमा कुनै दवाव विना दिएको हुँ। यसमा झुट्ठा ठहर भएमा कानून बमोजिम सहुँला, बुझाउँला भनी यस सर्वेक्षण फाराममा सही गर्ने।)

आवेदकको

सहीः ..................................

नाम, थरः ............................

सम्पर्क मोबाइल नं. ................

| आवेदकको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नोटः

(क) सगोलको परिवारका सबै व्यक्तिहरुको लागि एउटै सर्वेक्षण फाराम मात्र भर्नुपर्नेछ। परिवारसङ्ग छुट्टिएर बसेको भए सम्पत्ति अंशवण्डा भएको प्रमाण वा गाँउपालिका/नगरपालिकाको प्रमाण पेश गर्नुपर्नेछ। एउटै चुल्होमा पकाएर खाना खाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यलाई सगोलका परिवार मानिनेछ। खाना पकाउने अर्कै चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिँदैन। सर्वेक्षणकर्ताले निवेदकको घरको स्थलगत निरिक्षण गरी हाल प्रयोग गरिरहेको घर एवम् जग्गाको वास्तविक सत्य तथ्य विवरण मात्र फाराममा भर्नुपर्नेछ। झुठ्ठो विवरण पेश गरेको पाइएमा सो कार्यक्रमबाट हटाई कानूनी कारवाही गरिनेछ।

(ख) नेपाल सरकारबाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराइने छैन।

(ग) अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा वा नेपाल सरकारबाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण, सुरक्षित नागरिक आवास र प्रदेश सरकारको जनता आवास जस्ता कार्यक्रमबाट लाभान्वित व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा सिफारिस हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(घ) लाभग्राही र सर्वेक्षक सहित छाना फेर्नुपर्ने घर प्रष्ट बुझिने गरी लिइएको फोटो यस फाराममा अनिवार्य संलग्न हुनुपर्नेछ।

सर्वेक्षणकर्ताकोः

सहीः .............................. नाम थरः .............................. पदः ..............................

कार्यालयको नामः ............................................................ सर्वेक्षण गरेको मितिः ......................



प्रदेश सरकार लुम्बिनी प्रदेश

सचिव

प्रमुख

बहादुर चौधरी

मन्त्री

विकास मन्त्रालय

## अनुसूची-३

(दफा ५ को उपदफा (३) सङ्ग सम्बन्धित)

**लाभग्राही छनौटका आधारहरू**

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति | ३० भन्दा कमलाई - १०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा वढी – ० | क्षेत्रफल वर्गफिटमा। |
| २ | वर्गफिटमा<br>घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल वा स्याउलाको टाटी - १०<br>नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी - ५<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टका जोर्नी - ० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने। |
| ३ | घरको छानो | खर पराल फुस, आसवेसटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>खपडा, टायल - ५ | आस्वेस्टस छाना स्वास्थ्यको लागि हानिकारक छ। |
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) - १०<br>नदी/ताल किनारामा बसोबास गरेको - ० | |
| ५ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका - १०<br>अन्य - ० | |

द्रष्टव्यः (१) प्रकोपका कारण घरवारबिहिन भएका घरपरिवारलाई दफा ५ को उपदफा (५) बमोजिम पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूचीबमोजिम मूल्याङ्कन गरिने छैन।

(२) गरिबीको रेखामुनी रहेका, आफैंले सुरक्षित आवास निर्माण गरिरहेकाको हकमा यस अनुसूचीबमोजिम मूल्याङ्कन गरिने छैन।

(३) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिने छैन।

प्रदेश सरकार लुम्बिनी प्रदेश पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय मुकाम बुटवल, नेपाल

सचिव

महाशाखा प्रमुख

मा. दिल्ली बहादुर चौधरी
मन्त्री
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

अनुसूची-४

(दफा ५ को उपदफा (३) सङ्ग सम्बन्धित)

झुपडिमुक्त आवास निर्माणको लागि लाभग्राहीसङ्ग गरिने अनुदान सम्झौता-पत्र (छाना छाउने)

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम सङ्ख्या | |
| सम्झौता क्रमाङ्क सङ्ख्या | |

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी झुपडिमुक्त आवास निर्माणका लागि .................. जिल्ला .......................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.,वडा नं. ......., ....................... गाँउ/टोलको लाभग्राही श्री ..................................................... (यस पछि प्रथम पक्ष भनिने) र शहरी विकास तथा भवन कार्यालय (यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही प्रदेश सरकारले तोकेको मापदण्ड बमोजिम झुपडिमुक्त आवास निर्माण गर्न गराउन मिति २०७... साल ......... महिना ......... गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं।

.................. बस्ने श्री ....................... को नाती/नातीनी/बुहारी श्री ................. को छोरा/छोरी/श्रीमती वर्ष ....... को श्री ..................................................................।

प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरुः-

१. मेरो घरको छाना पराल तथा खरको रहेको ठीक साँचो हो। मैले झुपडिमुक्त आवास कार्यान्वयन कार्यविधि, २०७९ एवम् सम्झौता-पत्रमा उल्लिखित शर्त अनुरुप छाना छाउने कार्य सम्पन्न गर्नेछु।
२. मैले पहिलो किस्ता वापत पचास हजार रुपैयाँ बराबरको जस्तापाता कार्यालयबाट प्राप्त गर्नेछु।
३. कार्यालयबाट प्राप्त हुने बाहेकका निर्माण सामग्री (किलाकाँटी, धुरी पाता, काठ वा फलामे कालो पाइप, नपुग जस्तापाता आदि) खरिद गर्ने; डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन तथा अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी र श्रमिक जुटाई छाना छाउने काममा लगाउने जिम्मेवारी मेरो हुनेछ।
४. प्रथमपक्षले तोकेको समयावधिभित्रै मैले छाना छाइसक्नेछु। सो अवधिभित्र छाना छाउने काम सम्पन्न गर्न नसकेमा कार्यविधि बमोजिम हुने कार्वाही भोग्नेछु।
५. प्राप्त निर्माण सामग्री र आफैंले जुटाएका सामग्रीबाट मैले निर्माण कार्य सम्पन्न गर्नेछु। सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन प्रतिवेदन प्राप्त भई आएपछि दोस्रो तथा अन्तिम किस्ता प्राप्त गर्नेछु।
६. कार्यालयले तोकेको बैंकमा मैले खाता खोल्नेछु। (बैंकमा खाता नभएका लाभग्राहीको हकमा मात्र)
७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला, बुझाउँला।

| |
|---|
| प्रथम पक्ष (लाभग्राही) |
| (क) लाभग्राहीको व्यक्तिगत विवरण |

प्रदेश सरकार लुम्बिनी प्रदेश पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय बुटवल, नेपाल

सचिव

महाशाखा प्रमुख

मा. डिल्ली बहादुर चौधरी
मन्त्री
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

लाभग्राहीको नाम, थर (नेपालीमा):.................................................................

लाभग्राहीको नाम, थर (अंग्रेजीमा):.................................................................

नागरिकतामा उल्लेखित ठेगाना

जिल्लाः .............

म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.,........................ वडां नं. ..........................

ना.प्र.नं.: ................ जारी जिल्लाः ....................... जारी मितिः ......................

जन्म मितिः .............................

सम्पर्क फोन नं.: .......................

---

स्थायी ठेगाना र नागरिकतामा उल्लेखित ठेगाना फरक भएमा (बसाइसराइको विवरण उल्लेख गर्ने)

बसाइसराइ प्रमाणपत्र नं. .............................

बसाइसराइ मिति : ......................................

हालको ठेगाना :

जिल्लाः .............

म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.: ................................. वडां नं. ......., गाउँ/टोलः ..................

---

लाभग्राहीको फोटो

फोटो

---

सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण
(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

---

संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थरः ............................................

---

स्थायी ठेगाना

जिल्लाः ........................ म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. .......................

वडा ........................ गाँउ/टोल : ..........................

ना.प्र.नं. .................... जारी जिल्ला : .......................

जारी मितिः ................. जन्म मितिः ............................

---

बाजेको नाम, थरः.................................................................

बाबुको नाम, थरः.................................................................

लाभग्राहीसङ्गको नाता :.............................................................

सम्पर्क फोन नं. : .................................................................

प्रदेश सरकार लुम्बिनी प्रदेश

सचिव

महाशाखा प्रमुख

मा. डिल्ली बहादुर चौधरी
मन्त्री

| लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप | दायाँ | बायाँ |
|---|---|---|
| | | |

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षरः ...........................

मितिः ...........................

**(ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**

बैंक खाता नं. :..................................................................

खातावालाको नाम, थर :........................................................

बैंकको नाम :..................................................................

शाखा :..........................................................................

**(ग) घर भएको जग्गाको विवरणः**

कित्ता नं. ............................... क्षेत्रफल .................................. वर्ग मिटर

ठेगानाः जिल्ला ........................... गा.पा./न.पा. ......................., वडा नं. .......

**(घ) इच्छाएको व्यक्तिको नाम, थरः** .............................................................

लाभग्राहीसङ्गको नाता : .......................................................................

**(ङ) साक्षीको नाम, थरः** ...........................................................

हस्ताक्षर : ..................................................................

दोस्रो पक्ष (<u>शहरी विकास तथा भवन कार्यालय</u>) ले मञ्जुर गरेका शर्तहरुः-

(क) प्रथम पक्षलाई पहिलो किस्ता वापत पचास हजार रुपैयाँ बराबरको जस्तापाता उपलब्ध गराउनेछु।

(ख) प्रथम पक्षबाट उल्लिखित शर्तहरु पुरा गरी निर्माण (छाना छाउने कार्य) सम्पन्न भएको अवस्थामा दोस्रो तथा अन्तिम किस्ता वापत रकम रु. १०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ) मात्र प्रथम पक्षलाई निजको बैंक खातामा उपलब्ध गराउनेछु।

| दोश्रो पक्ष (शहरी विकास तथा भवन कार्यालय) | कार्यालयको छाप |
|---|---|
| कार्यालयको नाम, ठेगानाः ..............................................<br>अधिकार प्राप्त कर्मचारीको नामः .....................................<br>पदः ..........................................................................<br>हस्ताक्षरः ..................................................................<br>मितिः ............................ | |

आवश्यक कागजातहरु

१. लाभग्राहीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि।

३. लाभग्राहीको पासपोर्ट साइजको फोटो।

४. लाभग्राहीको हाल प्रयोगमा रहेको झुपडी आवासको फोटो।

प्रदेश सरकार

सचिव

महाशाखा प्रमुख

मा. डिल्ली बहादुर चौधरी
मन्त्री
... तथा शहरी विकास मन्त्रालय

अनुसूची-५
(दफा ६ को उपदफा ७ र दफा ९ सङ्ग सम्बन्धित)
प्राविधिक प्रतिवेदन

मितिः

श्रीमान् कार्यालय प्रमुखज्यू,
शहरी विकास तथा भवन कार्यालय,
..........................................।

विषय: प्राविधिक प्रतिवेदन पेश गरेको।

उपरोक्त सम्बन्धमा झुपडिमुक्त आवास निर्माणका लागि प्राप्त निवेदन बमोजिम देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु।

लाभग्राहीको नाम:
लाभग्राहीको क्रमसंख्याः
लाभग्राहीको सम्झौताको क्रमसंख्याः

(जुन अवस्था हो सो मा रेजा ☑ लगाउने)

(क) हालको अवस्था: ☐ कार्य सम्पन्न भएको।
☐ कार्य सम्पन्न नभएको।

(ख) सिफारिस: संलग्न फोटो बमोजिम
☐ कार्य सम्पन्न भएकोले निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु।
☐ निर्माण सम्पन्न नभएको व्यहोरा जानकारी गराउँदछु।

(नोटः कार्य प्रगतिको अवस्था र सम्बन्धित लाभग्राही छुर्लङ्ग देखिने गरी तत्काल खिचेको कम्तीमा तीन (३) वटा फोटो संलग्न हुनुपर्नेछ।।)

प्रतिवेदकको :-
दस्तखत:
नाम, थर:
पद:
फोटो लिएको मितिः

प्रदेश सरकार लुम्बिनी प्रदेश पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय सकाम बुटवल, नेपाल

सचिव

महाशाखा प्रमुख

मा. डिल्ली बहादुर चौधरी
मन्त्री
ग्रामीण तथा शहरी विकास मन्त्रालय